# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०२।०७ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

नेपाल विद्युत प्राधिकरण, कुलेखानी दोस्रो (निबुवाटार) हेटौंडाका इलेक्ट्रिसियन रत्न बहादुर थिङ्गले शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली बनाई पेश गरी कार्यरत रहेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय हेटौंडाबाट कक्षा-८ (आठ) उत्तीर्ण गरेको झुठ्ठा एवं नक्कली प्रमाण-पत्र पेश गरी तह-१ कुल्ली/जुनियर हेल्पर पदमा स्थायी नियुक्ति लिई सोही प्रमाण-पत्रका आधारमा तह-२ हेल्पर पद तथा तह-३ इलेक्ट्रिसियन पदमासमेत बढुवा भई सेवामा बहाल रही लाभसमेत लिएको देखिएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर देखिएकोले निज रत्न बहादुर थिङ्गलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९(२) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कैद र जरिवानाको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता<br>
प्रदीपकुमार कोइराला